# झलझले सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८२।०८३

मिति : २०८२।१२।२५

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

(मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।१२।२५)

प्रस्तुत विषयमा यस सामुदायिक उपभोक्ता समूहले सामुदायिक वनको व्यवस्थापनको क्रममा आ.व. २०८२/०८३ सामुदायिक वनमा ढलापडा र पुनरुत्पादन कटान क्षेत्रमा डिभिजन वन कार्यालय, अर्घाखाँचीको कटान सहमति बमोजिमका रुखहरु कटान गरी उत्पादन भई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३७८ को १९२८.०३ क्यू.फिट गोलिया काठ र दाउरा ५ चट्टालाई कायम गरिएको १ वटा लटलाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३१५३ मिति २०८२।१२।२० गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकाशित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ : आ.व. ०८२।०८३ | आ.व. ०८२।०८३ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रबाट उत्पादन भएका काठ दाउरा | साल | A | २२ | ३००.१३ | १२५० | ३७५१६३ | | |
| | | | B | ५९ | ४९५.९४ | ९०० | ४४६३४६ | ३५६६८७ | |
| | | | C | १५८ | ६०८.८१ | ६०० | ३६५२८६ | | |
| | | | D | ३४ | ५३.४८ | ३०० | १६०४४ | | |
| | | असना | A | ४ | ५०.१८ | ४०० | २००७२ | | |
| | | | B | १९ | १४६.३३ | ३०० | ४३८९९ | | |
| | | | C | ५४ | १९२.३९ | १०० | १९२३९ | | |
| | | बाँझी | N | १४ | ३६.६३ | १०० | ३६६३ | | |
| | | जामुन | C | ८ | २८.०३ | १०० | २८०३ | | |
| | | पियारी | N | ४ | ९.८० | १०० | ९८० | | |
| | | कुम्भी | N | २ | ६.३१ | १०० | ६३१ | | |
| | | जम्मा | | ३७८ | १९२८.०३ | | ० | | |
| | | साल जातको दाउरा चट्टा | | | ३ | १२००० | ३६००० | ८७५०० | |
| | | अन्य जातको दाउरा चट्टा | | | २ | ४००० | ८००० | | |
| जम्मा | | | | | | | १३३८१२६ | ४४४१८७ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८३/०१/१५ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८३/०१/१६ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु.२००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

नारायण प्रसाद आचार्य
अध्यक्ष

# झलझले सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००३१२६००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-११ मा समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३।०१।१८ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री झलझले सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ वमोजिम बोलपत्र सदर भएको फर्मले वोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८२ साल चैत्र महिना २५ गते रोज ०४ मा शुभम् ..................................।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२।१२।२५ गते)*

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरु कटान गरी उत्पादन भएका काठ दाउरा उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३७८ को १९२८.०४क्यू. फिट काठ र दाउरा ५ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वाफर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिनभित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजेभित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**झलझले सामुदायिक वन उपभोक्ता समूह**

शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची